# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

अछाँवें

(शिक्षा, विज्ञान तथा प्रविधि तथा विश्वविद्यालय निर्देशनालय)
डोरमुकाम, प्यूठान

मितिः २०७८।०६।१९

पत्र संख्याः २०७८/७९
च.नं. ७

श्रीमान् प्रमुख ज्यू,
गौमुखी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पुजा, प्यूठान ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८/६/१८ मा छलफल पश्चात् तयार गरिएको पाना २५ (पच्चिस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(श्रीराम तिमिल्सिना)
(निर्देशक)

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार काठमाण्डौः- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
संघ तथा प्रदेश, खलंङ्ग प्यूठानः - प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| कार्यालय र स्थान : गौमुखी गाउँपालिकाको कार्यालय, पुजा, प्यूठान, लुम्बिनी प्रदेश | | | | आर्थिक वर्ष: २०७७/०७८ | | |
|---|---|---|---|---|---|---|
| | नाम | कार्यरत अवधि | | बेरुजु रकम | | |
| | | देखि | सम्म | पेश्की बाहेक वेरुजु | पेश्की | जम्मा |
| कार्यालय प्रमुख | श्री राजीव पन्थी | २०७७/०४/०१ | २०७७/१२/१९ | २७२७७४० | ८२१६२६ | ३५४९३६६ |
| | श्री सुमन पन्थ | २०७७/१२/२० | २०७८/०३/३१ | | | |
| लेखा प्रमुखः | श्री प्रकाश रिजाल | २०७७/४/१ | २०७८/०३/३१ | | | |

• **संवैधानिक र कानूनी व्यवस्थाः** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही गाउँपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ ।सोही अधिकार बमोजिम कार्यपालिकाले कार्य ...दैं आएको छ ।

• **आर्थिक कारोवारको स्थितिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम कार्यपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेका प्राप्ती र भुक्तानी हिसावको आर्थिक वर्ष २०७७/०७८ को समग्र आर्थिक कारोवारको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

## गौमुखी गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय पुजा, प्यूठान, लुम्बिनी प्रदेश
### आर्थिक वर्ष २०७७।०७८को एकिकृत आर्थिक विवरण

| सि.नं. | आय विवरण | रकम | रकम | सि.नं. | व्यय विवरण | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | | ३००७३१६८.९१ | १ | चालु तर्फ | | २४३६१३२५२.८९ |
| | क) संचित कोष खाता | १९४७३९३५.९१ | | २ | पूँजिगत तर्फ | | १५५०१२५८६.०० |
| | ख) मर्मत संभार कोष | २८९७२३.०० | | ३ | सामाजिक सुरक्षा तथा संरक्षण | | ६२६८३४१०.०० |
| | ग) महिला तथा वालवालिका कोष | ११२०००.०० | | ४ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास | | १८६६०५१.०० |
| | घ) आकस्मिक कोष | २२५८११३.०० | | ५ | स्थानिय पूर्वाधार विकास साझेदारी | | २१३११६६.०० |
| | ङ) प्रकोप व्यवस्थापन कोष | १६९२८५०.०० | | ६ | विभिन्न कोषतर्फ | | ९५४५६९५.०० |
| | च) कोरोना रोकथाम कोष | ४८१४०७.०० | | | क) मर्मत संभार कोष | २२२९२३५.०० | |
| | छ) कर्मचारी कल्याण कोष | १७४५२८.०० | | | ख) महिला तथा वालवालिका कोष | ०.०० | |
| | ज) विविध कोष खाता | ०.०० | | | ग) आकस्मिक कोष | ३४४५००.०० | |
| | झ) धरौटी खाता | ५५१०६१२.०० | | | घ) प्रकोप व्यवस्थापन कोष | १०१४२५०.०० | |
| २ | राजश्व | | ८३४७४७२५.२५ | | ङ) कोरोना रोकथाम कोष | ४७५७७१०.०० | |
| | क) आन्तरिक राजश्व | ६७५८९९९.०३ | | | च) कर्मचारी कल्याण कोष | ०.०० | |
| | ख) विभाज्य कोष खाता | ५२४२१४.०० | | | छ) विभाज्य कोष | ०.०० | |
| | ग) राजश्व बाँडफाँडबाट प्राप्त | ७४६९१५१२.२२ | | | ज) विविध कोष | १२०००००.०० | |
| | घ) जिल्ला समन्वय समितिबाट प्राप्त | १५०००००.०० | | ७ | धरौटी | | ५२००९६५.०० |
| ३ | संघीय सरकाबाट प्राप्त वित्तिय हस्तान्तरण | | ३११८८०३५०.०० | | क) धरौटी फिर्ता | ५२००९६५.०० | |
| | क) संघिय समानिकरण अनुदान | ९३००००००.०० | | ८ | निकासा फिर्ता | | ३८२२३१७९.११ |
| | ख) संघिय सशर्त अनुदान | २०९८८०३५०.० | | | क) संघिय सञ्चित कोष | ३३७०३०२५.११ | |
| | ग) संघीय विषेश अनुदान | ५००००००.०० | | | ख) प्रदेश सञ्चित कोष | ४५२०१५४.०० | |
| | घ) संघीय समपुरक अनुदान | ४००००००.०० | | ९ | मौज्दात | | ३०५७३२९२.७६ |
| ४ | प्रदेश सरकाबाट प्राप्त वित्तिय हस्तान्तरण | | ४०७९९०००.०० | | क) संचित कोष खाता | २१८९५८९७.७६ | |
| | क) प्रदेश समानिकरण अनुदान | ५२७६०००.०० | | | ख) मर्मत संभार कोष | ११०४८८.०० | |
| | ख) प्रदेश सशर्त अनुदान | १४८५००००.०० | | | ग) महिला तथा वालवालिका कोष | २९२०००.०० | |
| | ग) प्रदेश समपुरक अनुदान | १४६७३०००.०० | | | घ) आकस्मिक कोष | १९१३६१३.०० | |
| | घ) प्रदेश विषेश अनुदान | ६००००००.०० | | | ङ) प्रकोप व्यवस्थापन कोष | १२७८६००.०० | |
| ५ | विभिन्न कोषतर्फ | | ८९००३१४.५० | | च) कोरोना रोकथाम कोष | २२३६९७.०० | |
| | क) मर्मत संभार कोष | २०५००००.०० | | | छ) कर्मचारी कल्याण कोष | २६३९४०.०० | |
| | ङ) महिला तथा वालवालिका कोष | १०००००.०० | | | ज) विविध कोष | ०.०० | |
| | ग) आकस्मिक कोष | ०.०० | | | झ) विभाज्य कोष | ५२४२१४.०० | |
| | घ) प्रकोप व्यवस्थापन कोष | ६०००००.०० | | | ञ) धरौटी खाता | ४०७०८४३.०० | |
| | ङ) कोरोना रोकथाम कोष | ४५०००००.०० | | | | | |
| | च) कर्मचारी कल्याण कोष | ८९४१२.०० | | | | | |
| | छ) विविध कोष खाता | १५६०९०२.५० | | | | | |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण | | ६५९२२७१०.०० | | | | |
| ७ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास | | १८६६०५१.०० | | | | |
| ८ | स्थानिय पूर्वाधार विकास साझेदारी | | २१३११६६.०० | | | | |
| ९ | धरौटी | | ३७६११९६.०० | | | | |
| १० | अन्य विविध आय | | ४०९१६.१० | | | | |
| | जम्मा | ५४८८४९५९७.७६ | ५४८८४९५९७.७६ | | जम्मा | ५४८८४९५९७.७६ | ५४८८४९५९७.७६ |

## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालयको नामः गौमुखी गाउँपालिकाको कार्यालय, पुजा प्यूठान, लुम्बिनी प्रदेश — आ.ब.२०७७/०७८

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| | उपरोक्त आर्थिक कारोवारको महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७८, समष्टिगत र ईकाइगत स्वीकृत लेखापरीक्षण योजना, आन्तरिक लेखापरीक्षण प्रतिवेदनको गणितीय शुद्धतालाई आधार लिई एवं सार्वजनिक लेखापरीक्षण सम्बन्धी मार्गदर्शन तथा असल अभ्यास तथा कार्यालयबाट पेस भए सम्मको स्रेस्ताको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त लेखापरीक्षणबाट देखिएको व्यहोरा उपर मिति २०७८/०६/१८ मा व्यवस्थापन पक्षसंग भएको छलफल पश्चात कायम गरेको व्यहोरा संलग्न गरी देहाय अनुसारको प्रतिवेदन तयार गरिएको छ । | | |
| | **लेखापरीक्षणको क्रममा रु.४१८७९४/५० असूली भई दाखिला भएको छ ।** | | |
| | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सरुमारानी पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, १३९.०४ वर्ग किलोमिटर क्षेत्रफल तथा २५६४१ जना जनसंख्या रहेको छ । | | |
| १. | **वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । | | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमिजम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको | | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फर्स्यौटको विवरण |
|---|---|---|---|
| | पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १२ ऐन, ५ नियमावली, ३० कार्यविधि, ४ निर्देशिका र ३नर्म्स समेत ५४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१०५०५०६६/- खर्च लेखेको पाईयो ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। | | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्र्यौटको विवरण |
|---|---|---|---|
| | • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ३. | खरिद योजनाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद यजना तयार | | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौटको विवरण |
|---|---|---|---|
| | गर्नुपर्ने व्यवस्था छ ।केन्द्रले नियमानुसार वार्षिक खरिद योजना तयार गरेको देखिएन । | | |
| ४. | **स्वीकृत लेखा ढाँचाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६/२/१९ मा स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित ढाँचामा प्रतिवेदन तयारी तथा लेखाङ्कन गरेको नपाईएकोले गाउँपालिकाले आय तथा व्ययको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लेखा ढाँचामा राख्नुपर्दछ । | | |
| ५. | **एकीकृत आर्थिक संकेतः** सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरी एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा गाउँपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः गाउँपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | | |
| ६. | **मध्यकालीन खर्च संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ ।<br>(क) प्रस्तावित योजनाको उद्देश्य,<br>(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अधययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्टयाई,<br>(ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,<br>(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,<br>(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,<br>(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण । | | |
| ७. | **बार्षिक प्रतिबेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ३५ बमोजिम प्रत्येक कार्यालयले आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र बार्षिक प्रतिबेदन तयार गरी मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यबस्था रहेकोमा बार्षिक प्रतिबेदन तयार गरेको छैन । नियमको पालना | | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फर्स्यौटको विवरण |
|---|---|---|---|
| | गरी बार्षिक प्रतिबेदन तयार गर्नुपर्दछ । | | |
| ८. | **चौमासिक विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालये चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | | |
| ९. | **अवकाश कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । स्थानीय सेवाका कर्मचारी अवकाश हुँदा कानून बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सबै सुविधा उपलब्ध गराउन एक अवकाश कोष स्थापना गर्नुपर्दछ । | | |
| १०. | **कन्टिन्जेन्सी खर्चको अभिलेखः** सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ बमोजिम कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट गर्नुपर्ने र ठेक्कागत खर्चको अभिलेख राख्ने व्यवस्था गरे तापानि कार्यालयले सो अनुरूप अभिलेख राखेको पाईएन । स्वीकृत निर्देशिकाको पालना गर्नुपर्दछ । | | |
| ११. | **लेखापरीक्षण समितिः** आर्थिक कार्यविधि ऐन, २०७६ को दफा ३४(३) मा स्थानीय तहले लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए/नभएको परीक्षण गर्न तथा आवश्यक कारबाही गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उक्त समिति समेत गठन नगरेकोले तोकिए बमोजिम समिति गठन गरी आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गरी आर्थिक अनुशासनमा कायम गर्नुपर्ने देखिन्छ । | | |
| १२. | **विवरण सार्वजनिकः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खर्चको प्रगति विवरण तथा आय व्ययको विवरण सार्वजनिक गरेको देखिएन । अतः कानुन बमोजिम प्रगति विवरण कार्यपालिकामा पेश गर्ने तथा आय व्ययको विवरण सार्वजनिक गर्नुपर्दछ । | | |
| १३. | **योजना छनौटः** स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ ।<br>(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,<br>(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, | | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फर्स्योटको विवरण |
|---|---|---|---|
| | (ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,<br>(घ) स्थानीय सहभागिता जुट्ने, स्वयमसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,<br>(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,<br>(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्न,<br>(छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने,<br>(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वद्र्धन गर्न सघाउ पुर्याउने, आदी ।<br>गाउँपालिकाले विभिन्न टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ, गाउँपालिकाद्धारा ५ लाखभन्दा कमका ५० भन्दा बढी योजनाहरु सञ्चालन गरेको छन् । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दीगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना था बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | | |
| १४. | **सम्पतीको संरक्षणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा स्वानिय तह तथा दफा ९८ मा जिल्ला सभाले आफ्नो क्षेत्र भित्रको सम्पतीको रेखदेख,मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले साविकमा गा वि स र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । विगतका गा वि स हाल गाउँपालिकामा समायोजन भै आएका भौतिक सम्पत्तिहरु गाउँपालिकाको एकिकृत जिन्सी खातामा अभिलेख नराखेकोले यस पालिकाको यथार्थ सम्पत्तीको अवश्था मुल्याङ्कन गर्न सकिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ | | |
| १५. | **नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिका वा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, दफा २८ मा गाउँपालिका वा गाउँपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहितको तोकिएको ढाँचामा गाउँपालिका वा गाउँपालिका समक्ष दरखास्त दिनुपर्ने, दफा ३१ मा गाउँपालिका वा गाउँपालिकाले सो दरखास्त उपर जाँचवुझ गर्ने तथा दफा ३३ तथा ३४ बमोजिम भवनको नक्सा सहित भवन निमार्ण गर्न अनुमति दिनुपर्ने उल्लेख भएकोमा यस गाउँपालिका वा गाउँपालिकाको क्षेत्रमा भवन निर्माण गर्ने कुनै पनि व्यक्ति वा सरकारी कार्यालयलाई भवन निर्माणको अनुमति दिने गरेको देखिएन । यसबाट व्यवस्थित भवन निर्माणमा असर परेको छ भने गाउँपालिकाको आयस्रोतमा पनि प्रभाव पारेकोले नक्सा पास गर्ने व्यवस्था अवलम्वन गर्नुपर्ने देखिन्छ । | | |
| १६. | **श्रोत अनुमान तथा बजेट सीमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट | | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| | सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । गाउँको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपण गरी बजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ । | | |
| १७. | **जिन्सी निरीक्षण प्रतिबेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम १०६ बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा नियम ९९(४) बमोजिम मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ ।कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य नगरेको ७ वटै वडा तथा गाउँपालिका शाखै अनुसार अलग अलग जिन्सी खाता राखेको देखिएकोले मुल जिन्सी खाता एउटै राखी एकिकृत रुपमा राखी प्रतिबेदन तयार गर्नु पर्दछ । | | |
| १८. | **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल– अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा कार्यपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु गाउँपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, कार्यपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ । | | |
| १९. | **डोर हाजिरी फाराम नियन्त्रण खाताः** कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.१७५ राख्ने गरेको छैन भनें डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गदां आयोजनामा के कति डोर हाजिरी फारामहरुको, कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यवस्था हुनु आवश्यक | | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौटको विवरण |
|---|---|---|---|
| | देखिन्छ । | | |
| २०. | **सामाजिक परीक्षणः** पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको देखिएन । सार्वजनिक परीक्षण सम्बन्धी ढाँचा तोकी कार्यान्वयनमा नल्याएकोले योजनामा सार्वजनिक परीक्षण हुन सकेको पाइएन । पालिकाले केही ठूला योजनाहरू छनौट गरी सामाजिक परीक्षणको व्यवस्था समेत कार्यान्वयन गरेको देखिएन । पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु योजनामा निर्देशिका बनाई तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउने कार्य गर्नुपर्ने देखिन्छ । | | |
| २१. | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट ६७५८९९९/- राजस्व बाँडफाँड र अनुदानबाट रु (समेत रु.५३३१९०२८४/- आम्दानी भएकोमा चालु तर्फ रु २४३६१३२५२/-.र पूँजिगत तर्फ रु १५५०१२५८६/- र वित्तीय व्यवस्था तर्फ रु. १४७४६६६०/- समेत रु. ४८००५३१५५/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४० प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुविधामा रु. ९२२२०००/- खर्च भएको छ जुन आन्तरिक आयको १३६.४४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५१ प्रतिशत चालु र ३२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | | |
| २२. | **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई आकस्मिक कोषबाट रु. ३४४५००.०० र प्रकोप ब्यवस्थापन कोषबाट रु. १०१४२५०.०० गरी जम्मा रु. १३५८७५०.०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | | |
| | **अनुदान प्राप्ति, वितरण र फिर्ता** | | |
| २३. | **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रु. ३५१८५०००/- मिति २०७८ श्रावण महिनामा फिर्ता गरेको छ। | | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २०९८८०३५० | १८०३२४५५२ | २९५५५७९८ |
| | विशेष | ५०००००० | ४२६६७४६ | ७३३२५४ |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | समपुरक | ४०००००० | ३८२५३८६ | १७४६१४ |
| प्रदेश सरकार | शसर्त | १४८५०००० | १२४०५८७३ | २४४४१२७ |
| | विषेश | ५७१६६७७ | ५४३३३५४ | २८३३२३ |
| | समपुरक | १४६७३०००.०० | १२८८०२९६.०० | १७९२७०४.०० |
| | जम्मा | २५४१२००२७ | २१९१३६२०७ | ३४९८३८२० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| २४. | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत संभार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत संभार एवं संरक्षण गरी विवण अद्यावधिक गर्नुपर्दछ । | | |
| | गाउँपालिका चालु | | |
| २५. | **कर्मचारी दरबन्दी र पदपुर्ति**: कार्यालयको लागि स्वीकृत भएको कर्मचारी दरबन्दी अनुसारको पद पुर्ति भएको हुनुपर्दछ । कार्यालयले उपलब्ध गराएको बिबरण अनुसार कुल दरबन्दी संख्या ५८ रहेकोमा पदपुर्ति ४७ रहेको देखिएकोले रित्त ११जना रहेको देखिन्छ । पदपुर्ति भएका ४७ जना पनि करार र अस्थाइ प्रकृतिका देखिएकोले स्थाइ दरबन्दी पदपुर्ति गराई कार्यालयबाट गरिने सेवा प्रवाहलाई छिटोछरीतो बनाउनेतर्फ पहल गर्नु पर्दछ । | | |
| २६. | **चौमासिक पूँजीगत खर्च**: आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३६ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १० | १५५०१२५८६ | ३६७६५२४. | २३३५५१७४ | १२७९८०८८८ | १०५९२१६४६ |
| खर्च प्रतिशत | | २.३७% | १५% | ८२% | ६८% |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| २७. | **बिलभरपाईः** १५७/०७७/१२/९ आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई , प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कानून अधिकृत श्री अरविन्द कुमार मेहताको रु. ३७१०५०/- पेश्की फर्छयौट गरेकोमा देहायका व्यहोरा देखिएका छन । | | |
| २७.१. | गाउँपालिका सदस्य वडा नं ३ का श्री पेज बहादुर सुनार को रु २४००/- र वडा नं १ का वडा सदस्य श्री केहर सिंह तामाङ्ग रु. २४००/- बुझाएको भरपाई नभएको रु. | ४८०० | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्योंटको विवरण |
|---|---|---|---|
| २७.२. | सवारी चालक बसन्त थापा क्षेत्री लु. २ च ७६९७ गाडी भाडा रु. १००००/- मा भाडा कर १०% ले हुने रु १००००/- कर कट्टी गर्नुपर्नेमा रु २५०/- कट्टि गरेकोले नपुग रु. ७५०/- असुल गरी दाखिला गर्नु पर्ने रु. | ७५० | |
| २८. | **नपाउने रकम भुक्तानी** -स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७६ को अनुसार उपाध्यक्ष श्री तुलसी सुनार लाई सरकारी मोटर साइकल सुविधा उपलब्ध गराएकोमा मोटर साइकलमा लाग्ने भन्दा बढी इन्धन देहाय अनुसार भुक्तानी गरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु. | ४९०६० | |

| भौ नं र मिति | विवरण लि.इन्धन | इन्धन रकम | पाउने इन्धन ली वार्षिक | बढी लि | दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| ११५ | १४ | १६२० | | | | |
| १८१/०७७/१२/१८ | १२६ | १३६३२ | | | | |
| २८२ | ११० | १४३०० | | | | |
| ३७६ | ३७६ | ४१६१७ | | | | |
| जम्मा | ६२६ | ७११६९ | १८० | ४४६ | ११० | ४९०६० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्योंटको विवरण |
|---|---|---|---|
| २९. | **कर्मचारी प्रोत्साहन भत्ताः** ३१५/०७८/३/३० स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाकएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून बनाई यो बर्ष निम्नानुसार रु. ८४६०० प्रोत्साहन भत्ता खर्च गरेको देखिन्छ । | | |

| कर्मचारीको नाम थर पद | अवधि | ५०% रकम | जम्मा रकम |
|---|---|---|---|
| लेखापाल श्री प्रेम बहादुर कुँवर | बैशाख देखि आषाढ | १४१००.०० | ४२३००.०० |
| लेखापाल श्री प्रकाश रिजाल | बैशाख देखि आषाढ | १४१००.०० | ४२३००.०० |
| जम्मा | | | ८४६००.०० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्योंटको विवरण |
|---|---|---|---|
| ३०. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ४५ विद्यालयलाई वित्तीय समानीकरण अनुदानबाट रु. ७१९०७००.०० तलब भत्ता भुक्तानी गरेको पाईयो । | | |
| | **संघीय सरकारबाट हस्तान्तरीत पूँजिगत** | | |
| ३१. | **पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा चालु आर्थिक वर्षको मसान्तसम्म पेश्की फस्योंट गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले चालु आर्थिक वर्षको मसान्तसम्म म्याद नाघेको पेश्की फस्योंट गर्न बाँकी देखिएको रु. | ८२१६२६ | |

| पेश्कीको विवरण | पेश्कीलिने फर्म/कर्मचारी | पेश्की रकम रु. |
|---|---|---|
| कृषक संग प्राविधिक कार्य | ना.प्रा.स.श्री बालाराम पौडेल | १४००००.०० |
| | रातामाटा झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | ६८१६२६.०० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| | जम्मा ८२१६२६.०० | | |
| ३२. | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।कार्यलयले आर्थिक वर्ष २०७७/७८ को आन्तरिक लेखापरीक्षण गराएको छैन । साथै आन्तरीक लेखापरीक्षण शाखा समेत खोलेको छैन । | | |
| ३३. | **विविध कोषः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६९ले संचितकोष चालुकोष आन्तरीक कोषा, पूँजिगत कोष दफा ७०ले आकस्मिक कोष, दफा ९१ ले अवकास कोष संचालन गर्न सक्ने व्यवस्था गरेको छ ।कार्यालयले देहाय अनुसार विविध कोष संचालन गरेकोले कानुन अनुसारको कोष संचालन गर्नु पर्दछ ।<br>कोषको नाम — मौज्दात रकम<br>कर्मचारी कल्याणकोष — २६३९४०.००<br>प्रकोप व्यवस्थापनकोष — १२७८६००.०<br>मर्मत सम्भार कोष — ११०४८८.००<br>आकस्मिक कोष — १९१३६१३.००<br>कोरोना कोष — २२३६९७.००<br>महिला तथा बालबालिका कोष — २९२०००.००<br>जम्मा — ४०८२३३८.०० | | |
| ३४. | **धरौटीः** गत वर्षको जिम्मेवारी रु ५५१०६१२.०० यस वर्षको धरौटी आय रु ३७६११९६.००.गरी जम्मा आम्दानी रु ९२७१८०८.०० भई फिर्ता खर्च रु ५२००९६५.०० बांकी मौज्दात रु ४०७०८४३.०० देखाएको छ ।धरौटीको बाँकी विवरणमा कुन कुन मिति देखिको बाँकी रहेको हो नखुलेकोले धेरै पुराना धरौटी रकम छानविन गरी सदर स्याहा गरी संचित कोषमा आम्दानी जनाउनु पर्दछ । | | |
| ३५. | **स्वकीय सचिव र सल्लाहकारः** लुम्विनी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । गाउँपालिकाले कानुनी सल्लाहार भनि श्री जोगिन्द्र बहादुर मल्ललाई मासिक २२०००/-दरले तलब र पोशाक भत्ता बार्षिक रु २७००००.०० भुक्तानी गरेको अनियमित देखिएको रु. | २७०००० | |
| | मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम पुँजिगत | | |
| ३६. | **मेशिन हस्तान्तरण नभएको** - यस कार्यक्रममा बजेट रु २१०००००.०० निकासा तथा खर्च रु १९४८३९४.०० भएकोमा भौ नं ५/२०७८/३/१९ गहुँ झाँट्ने थेसर मेशिन पृथ्वी कृषि संचार प्यूठान -८ बाट मु.अ.कर सहित ४ थान रु ६५०००/- दरले रु | | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फर्स्योटको विवरण |
|---|---|---|---|
| | २६००००.०० मा खरीद गरेकोमा लाभ ग्राही कृषक समुहलाई वितरण तथा हस्तान्तरण नगरी स्टोरमा राखीएको छ । हस्तान्तरण गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु | २६०००० | |
| ३७. | अनुदान बढी भुक्तानी भएको – ११/०७८३/३० घरवार विहिनलाई सुरक्षीत आवास सहयोग कार्क्रम मा श्री रजिना रोका वडा नं ४ लाई रु १५००००.०० दिने मुख्य मन्त्री ग्रामिण कार्यविधि २०७५को सिफारी समितिको निर्णय भएकोमा कार्यालयले रु १७५०००.००भुक्तानी गरेको देखिएकोले रु २५०००.०० बढी भुक्तानी भएकोले असुल गरी दाखिला गर्नु पर्ने रु | २५००० | |
| | **गाँउपालिका पूँजीगत तर्फ** | | |
| ३८. | **सवारी साधन खरिदः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं .५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. ३८९७२०/- तथा १ थान जे.सि.वी. खरीदमा रु. ४४९००००/-समेत रु.४८७९७२०/- खर्च गरेको देखिन्छ । | | |
| ३९. | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । सो सम्बन्धमा कार्यालयको ध्यान जानुपर्ने देखियो । | | |
| ४०. | **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्र्योटको विवरण |
|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७१/०७७/१२/१३ | सिरुङ्ग खोला मोटर बाटो उ.स. | मोटर बाटो | १०००००० | डोजर, एक्साभेटर | १०००००० |
| ९६/०७८/२/२४ | ठुला वेसी सडक | मोटर बाटो | ९६०००० | डोजर, एक्साभेटर | ९६०००० |
| ७८/०७८/२/१८ | बलौटा चाचला मोटर बाटो | मोटर बाटो | ४७९६५२ | डोजर, एक्साभेटर | ४७९६५२ |

नियमावलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ

४१. **बीमा नगराएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) मा रु. १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले उक्त नियमको (क) देखि (ङ) बमोजिम बीमा गर्नु गराउनु पर्ने उल्लेख छ । कार्यालयले निर्माण कार्यको लागि सम्झौता गर्दा निर्माण कार्य वापत निर्माण कार्यको, उपकरण, श्रमिक र तेश्रो पक्षको समेत बीमा गराउनु पर्ने गरी सम्झौता गरेको छ । । ठेक्का सम्झौता भै कार्य शुरु गर्नु अगावै सम्झौताको शर्त मुताविक बीमा गराएर मात्र कार्य शुरु गर्नुपर्नेमा नगर्दा ठेक्का सम्झौताको शर्तको पालना नहुने, निर्माण कार्य, उपकरण, कामदार र तेश्रो पक्षको हानी नोक्सानी भएका क्षतिपुर्तिबाट समेत बन्चित रहनुपर्ने अवस्था आउँछ । तसर्थ सम्झौताका शर्तहरु अनिवार्य रुपमा पालना गराउने तर्फ ध्यान दिनु जरुरी छ । यसका केहि उदाहारणहरु देहाय बमोजिम छन्:

| सि.न. | विवरण | निर्माण व्यवसायी | सझौता रकम |
|---|---|---|---|
| १ | बाटो निर्माण | महर्षी कन्सट्रक्सनस | १००५८३०४/- |
| २ | भोर्ली धनिका मो.बाटो | हरियाली नि.से. | २०४५७७१/- |
| ३ | गाउपालिका सभा हल | देवसिह कालापानी जे.भी. | २१२६८६५५/- |

४२. **ईट्टा खपतः** आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.न. १५७/०७८/३/१८ बाट वडा न. ४ भवन मर्मत उ.स.लाई ईटको काम गरेवापत नर्मस अनुसार ५ घन मिटरको प्रति घन मिटर ५६० वटाको दरले २८०० ईटको मु.अ.कर विजक पेश हुनुपर्नेमा ८०० बटाको रु. १२००५/- को मात्र विल पेश हुन आएकोले थप २००० ईट्टाको हुने रु. ३००१२/- को मु.अ.कर विजक बेगर खर्च लेखेको रु.

बेरुजु रकम: ३००१२

**बढी भुक्तानीः** १७१ र १७३-०७८/३/२१ आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खलु खोला झोलुङ्गे पुल र सो खोला झोलुङ्गे पुल निर्माण कार्यको लागि दुई उपभोक्ता समितीहरुलाई विमा वापतको विल (विजक न.एन.पि. ००२२४४) राखी रु. ५५३८१/- भुक्तानी गरेको देखिन्छ ।उपभोक्ता समितीहरुले दुई वटै योजनाहरुमा एउटै रु. ४१६३०/- को मात्र विल पेश गरी वढी भुक्तानी लिएको रु. १३७५१/- असुल हुनुपर्ने रु.

बेरुजु रकम: १३७५१

४४. **सभा हल भवनः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८अनुसार थप (१) कामको लागि भेरीयसन आदेश जारी गर्नुपरेमा भेरियसन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकाय प्रमुखले प्रमाणित गर्नुपर्ने व्यवस्था छसभा भवन निर्माणको लागि सवै भन्दा कम सकार गर्ने देवसिह कालापानी जे.भी.संग मिति २०७७।६।३० सम्ममा काम सम्पन्न गर्ने गरी २०७६।२।२४ मा संझौता भएको देखिन्छ ।निजले तोकिएको समयमा काम सम्पन्न गरी यस वर्ष स्यानिटरी र ईलेक्ट्रीक कामको थप भेरीयसन वापत रु १५,७२७८९ समेत रु २२३३९७४ भुक्तानी भएकोमा पालिकाले भेरीयसन आदेश जारी

<table>
<tr><th>दफा</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजु रकम</th><th>फस्यौंटको विवरण</th></tr>
<tr><td></td><td>गरी निर्माण व्यवसायीलाई भुकतानी गरेकोमा गाउ कार्यपालिकावाट अनुमोदन हुन वाकी देखिएको रु.</td><td>१५७२७८९</td><td></td></tr>
<tr><td>४५.</td><td>जटिल संरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन् :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>७१/०७७/१२/१७</td><td>सिरुङ्ग खोला मोटर बाटो उ.स.</td><td>बाटो बनाउने कार्य</td><td>१००००००</td></tr>
<tr><td>१७१/०७८/३/२१</td><td>खोलु खोला झो.पु. उ.स</td><td>झोलुङ्गे पुल बनाउने कार्य</td><td>३०९८७६०</td></tr>
<tr><td>१३७/०७८/२/५</td><td>सो खोला झो.पु. उ.स</td><td>झोलुङ्गे पुल बनाउने कार्य</td><td>३५०५६१४</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>७६०४३७४</td></tr>
</table>
नियमाबलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>४६.</td><td>डीपीआर खर्चः बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्रास गरको छ ।</td><td></td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>आयोजनाको लागत</th></tr>
<tr><td>अस्पताल भवन</td><td>जेनिस ईन्जीनीयरिङ्ग प्रा.लि.</td><td>१७२४९४५.००</td><td>२४२६७३५०५.००</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td></td><td>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु मध्ये कतिपयको कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>४७.</td><td>नन्फाइलरः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देवसिह कालापानी जे.भी.(६१०६५३०३२) लाई मु.अ.कर रु २५७००६/- समेत रु २२३३९७४ /-भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि  सो फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>३२/०७७/१०/२८</td><td>२२३३९७४/-</td><td>२५७००६/-</td><td>०७७/३/१</td></tr>
</table>
कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>२५७००६</td><td></td></tr>
<tr><td>४८.</td><td>बढी भुक्तानीः ९५ २४/२/०७८/ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम</td><td></td><td></td></tr>
</table>

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौटको विवरण |
|---|---|---|---|
| | १२३ मा सार्वजनिक निकायले प्राविधिक नाप जाँच बमोजिम वास्तविक कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले लाङ्टीङ्गे मर्राबाङ्ग मोटर बाटो नि लाई सम्लग्न विल एवं कार्य सम्पन्न प्रतिवेदन अनुसार रु. १९०१२० .स.उ. मात्र भुक्तानी गर्नुपर्नेमा रु १९२००० भुक्तानी दिएकोले बढी भुक्तानी भएको असूल गर्नेपर्ने रु. | १८८० | |
| ४९. | **नपाउने सुविधाः** स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७६ को दफा ९ मा सम्बन्धित जिल्ला र आफ्नो कार्य क्षेत्रमा भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने व्यवस्था छ । उपाध्यक्ष श्री तुलसी सुनारले भौ.न. १९७/०७८/३/२८ बाट वडा न. १ र २ को अर्खा क्षेत्रमा भ्रमण गरेको दैनिक भ्रमण भत्ताको विल राखी रु. ८४००/- भुक्तानी भएकोमा नियममा नभएको सुविधा भुक्तानी भएकोले असुल गरी दाखिला गर्नुपर्ने रु. | ८४०० | |
| | **३१४०१०१२३ (सामाजिक सुरक्षा तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम)** | | |
| ५०. | **सामाजिक सुरक्षा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७७/७८ मा यस गांउ पालिकाका ७ वटा वडाको लागि सामाजिक सुरक्षा भत्ता वापत रु ६,९४,६१०००/- को बजेट व्यवस्था भएकोमा रु ६,५९,२२७१०/-निकासा भएको र खर्च नभई बाँकी रकम रु ३२,३९३००/-मिति ०७८/४/१० मा संघिय सन्चित कोषमा दाखिला भएको देखिन्छ ।यस सम्वन्धमा देहायका व्यहोरा देखिएको छ। | | |
| ५०.१. | **लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एमएस मा प्रविष्ट गरि . आइ . प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । एस प्रविष्टी . आइ .पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको देखिएन । | | |
| ५०.२. | **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसार गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ। | | |
| ५०.३. | **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले | | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| | चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।त्यस्तै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको सख्या प्रथम चौमासिकमा १९१७ जना मात्र रहेकोमा तेस्रो चौमासिकमा गएर २६४६ जना भई ३८ प्रतिशत वृध्दी भएको देखिन्छ । लाभग्राहीको संख्या वढन गएको सम्बन्धमा पालिकाले समय समयमा अनुगमन गर्नु पर्ने देखिन्छ । | | |
| ५०.४ | **बैक बाँकी रकमः** सामाजिक सुरक्षा भत्ता जिवीत अवस्थामा मात्र भुक्तानी हुनुपर्दछ । नेपाल एस वि आई बैंकबाट प्राप्त विवरण अनुसार बैंकमा रहेको ८ जना लाभग्राहीहरुको २०७८ आषाढको ४ देखि २७ सम्म निधन भै सकेकोले निजहरुकोखातामा बाँकी रहेको रु. १८४२८३ निजको हकवालाले पाउने रकम हिसाव गरी बाँकी रकम हालसम्म फिर्ता हुन सकेको छैन । पालिकाले अविलम्व सो रकम एकीन गरी बैंकबाट फिर्ता बुझिलिई संघीय संचित कोषमा दाखिला गर्नुपर्ने देखिको रु. | १८४२८३ | |
| ५०.५. | **नागरिकताः** नेपाल सरकारबाट प्रदान गरिने कुनै पनि भत्ता सुविधा आदि उपलव्भ गराउदा नागरिकता प्रमाण नं. अनिवार्य हुने गरि नागरिकता उपलब्ध गराउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा छनौट गरीएका वडा न ७ मा परीक्षण गर्दा पहिलो, दोस्रो तथा तेस्रो किस्तामा सामाजिक सुरक्षा भुक्तानी गर्दा निम्नानुसारको नागरिकता नं. वेगर भएको देखियो लेखापरीक्षणको क्रममा छनौट गरीएको वडा न ७ मा परीक्षण गर्दा निम्न लाभग्राहीहरुको नागरिकता प्रमाण नं खुलेको विवरण पेश भएको नदेखिएकोले सो को एकीन हुनुपर्ने रु. | ४८००० | |

| वडा नम्बर | नाम | दर | कुल भुक्तानी |
|---|---|---|---|
| ७ | राम बहादुर सुनार | ८०००.०० | २४०००/- |
| ७ | वुध्दी देवी घर्ती मगर | ८०००.०० | २४०००/- |
| जम्मा | | | ४८०००.०० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| | **कर दस्तुर एवं आन्तरिक आय** | | |
| ५१. | **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | | |

| क.स. | आय शीर्षक | अनुमान | असुली |
|---|---|---|---|
| १ | एकीकृत सम्पती कर | ०.०० | ३०९१२४.०० |
| २ | भुमिकर/मालपोत | ८०००००.०० | ११८९०९४.०० |
| ३ | घरवहाल कर | ०.०० | १५७८९८.०० |
| ४ | व्यवसायले भुक्तानी गर्ने | ०.०० | ४६२६५५.०० |
| ५ | अन्य कर | ४५००००.०० | ४१६६५५.०० |
| ६ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ०.०० | २२३१०७०.०० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ७ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | ०.०० | ११०८०.०० |
| ८ | पर्यटन शुल्क | २०००००.०० | ०.०० |
| ९ | अन्य प्रशासनिक सेवा शुल्क | ६०००००.०० | २९४०००.०० |
| १० | सिफारिश दस्तुर | ०.०० | ६५६६४५.०० |
| ११ | व्यक्तिगत घटना दर्ता दस्तुर | ६०००००.०० | ३८६६५५.०० |
| १२ | नाता प्रमाणित दस्तुर | ०.०० | ३८२५०.०० |
| १३ | अन्य दस्तुर | १०००००.०० | १७६३९५.०० |
| १४ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४०००००.०० | ०.०० |
| १५ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ३५००००.०० | ०.०० |
| १६ | अन्य क्षेत्रको आय | २००००००.०० | ८८२७८.०० |
| जम्मा | | ५५०००००.०० | ६४१७७९९.०० |

गाउँपालिकाले रु. ५५०००००.०० आन्तरिक आय अनुमान गरेकोमा रु. ६४१७७९९.०० अर्थात समग्रमा ११६.६७ प्रतिशत आम्दानी गरेको छ । आय अनुमान नगरेको ७ वटा शीर्षकमा रु.३८६६७२२.०० प्राप्त भएको छ भने ३ वटा शीर्षकमा रु.९५००००.०० आय अनुमान गरेको कुनै आय प्राप्त भएको पाइएन । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याई आन्तरिक आय अनुमान अनुसारको आम्दानी गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

५२. **राजश्व अभिलेखः** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले नगरी रसिदको प्रयोग गरी राजस्व संकलन गर्ने गरेकोमा रसिद नियमन्त्रण खाता राखेको पाइएन । जसले गर्दा नगदी रसिदको छपाई, अ.ल्या. रसिद, खर्च भएको र बाँकी रहेको रसिदको परिमाणको विवरण नहुँदा संकलित राजस्व रकम एकीन हुन सकेन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । गाउँपालिकाले आगामी दिनमा गाउँपालिका तथा सबै वडाहरुमा राजस्व संकलन तथा असूली/दाखिलालाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने तर्फ विशेष ध्यान पु□याउनुपर्ने देखियो ।

५३. **वडा नं १ को राजस्वः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा घरजग्गा कर, मालपोत कर, निवेदन दस्तुर, सिफरिस दस्तुर वडाले उठाउने व्यवस्था रहेको छ । सो अनुसार वडा नं १ ले यस आ.व. मा नगदी रसिदको प्रयोग गरी राजस्व संकलन गरेकोमा भौचर नं २८/०७७/१०/१२ मा श्रावण देखि माघसम्मको भनी रु.६४३८२ दाखिला गरेको छ भने बाँकी कुनै पनि राजस्व यस आ.व. मा दाखिला गरेको छैन । साथै वडाले प्रयोग गरेको नगदी रसिद लेखापरीक्षणको समयमा पेश हुन आएन । जसले गर्दा यस आ.व. मा वडाले कति नगदी सरिद प्रयोग गरी कति राजस्व संकलन गरेको हो भनी एकीन हुन सकिएन । अतः गाउँपालिकाले आवश्यक छानविन गरी वडाको राजस्व एकीन गर्नुपर्दछ ।

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| ५४. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय नवीकरण शुल्क वापत रु. ४६२६५५.०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ। | | |
| ५५. | **मुल्य अभिबृद्धिकर र अग्रिम आयकर छुटः** लुम्बिनी प्रदेश नदि जन्य पर्दाथ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ९ (१)बमोजिम सरकारी आय ठेक्काको वोलपत्र स्विकृति पश्चात सो को कवोल रकम र सो मा लाग्ने मु.अ. कर र अग्रिम आय कर असुल गर्नुपर्ने व्यवस्था रहेकोमा महेन्द्र चन्दलाई गाउँपालिकाले आ २०७७।०७८ .व.को ढुङगा गिट्टी बिक्री ठेक्काका लगाएकोमा १३ प्रतिशत मुल्य अभिबृद्धिकर र अग्रिम आयकरको जम्मा रकम रु.४५७४१।०० असुल गरेकोमा उक्त रकम स्थानीय संचित कोषमा दाखिला भएकोले संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ४५७४१ | |

| ठेकेदारको नाम | ठेक्का अंक | १३ प्रतिशत | १.५प्रतिशत अग्रिमआयकर | असुल हुनु पर्ने रकम |
|---|---|---|---|---|
| महेन्द्र चन्द, गौमुखी ५ | ३१५४५० | ४१००९ | ४७३२ | ४५७४१ |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| ५६. | **गिट्टी ढुंगा बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ६४ को उपदफा १(च), ३ र ४ मा ढुंगा गिट्टी बालुवाको करमा प्रदेश सरकार तथा स्थानीय तहको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी जम्मा गर्ने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्धरा खारेज गरी दफा ६२(क) थप गरी स्थानीय तहहरुले ढुंगा गिट्टी बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०७६ को दफ ९ मा संघीय कानूनमा संघीय कानुनसंग बाझिने गरी ढुंगा गिट्टी बालुवा दहत्तर बहत्तरको शुल्क असूली र बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ । लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०७६ को दफ ९(क) अनुसार ढुँगा गिट्टी बालुवा वापत संकलित चालिस प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरी संघीय मन्त्रिपरिषद्ले ढुँगा गिट्टी बालुवा उत्खन्न बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ जारी गरी ढुँगा गिट्टी बालुवा बिक्री वापतको राजस्व स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबीच क्रमशः ४० र ६० प्रतिशत हुने गरी बाँडफाँड गर्नुपर्ने व्यवस्था गरेको छ । जुन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ विपरित देखिन्छ ।<br>गाउँपालिकाले यस वर्ष ढुँगा गिट्टी बालुवा बिक्रीबाट रु.३१५४५०.०० प्राप्त गरेकोमा रु.१२६१८०.०० प्रदेश संचित कोष र रु.१८९२७०.०० स्थानीय संचित कोषमा जम्मा गरी रु. ३१५४५०.०० बाँडफाँड गर्न बाँकी देखिन्छ । गिट्टी ढुँगा बालुवाबाट प्राप्त हुने राजस्व उत्पत्तीका आधारमा एवं सो संकलन गर्दा पर्ने वातावरणीय असर सम्बन्धित प्रदेशसंग भएकोले राजस्व बाँडफाँड सम्बन्धी कानून तर्जुमा गर्दा सो विषयलाई | | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्र्योटको विवरण |
|---|---|---|---|
| | मध्य नजर गरी संघीय कानूनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन र बाँडफाँड गर्नुपर्दछ । | | |
| | शिक्षातर्फ | | |
| ५७. | **शिक्षक दरवन्दी र पदपूर्ति** - गौमुखी गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरवन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | अर्खा मा वि, अर्खा | ८ | ८ | २ | ८५७ |
| २ | खरा मा वि, रजबारा | ८ | ८ | २ | ४७३ |
| ३ | महेन्द्र मा वि, पुजा | ८ | ८ | ४ | ३७८ |
| ४ | गौमुखी मा वि, खुङ्ग | ८ | १७ | ८ | ७६५ |
| ५ | मूकुटी मा वि, लिवाङ्ग | १७ | १२ | ६ | ५४० |
| ६ | अमृतजीवन मा वि, नारिकोट | १२ | ९ | ४ | ४७८ |
| ७ | ने.रा.आ.वि.नेटा रजबारा | ४ | ४ | ० | १८८ |
| ८ | ज्ञानोदय आ.वि. रजबारा | ६ | ६ | ३ | ३५७ |
| ९ | जनज्योति आ.वि. पुजा | ४ | ४ | २ | २४७ |
| १० | बालजीवन सुधार आ.वि. पुजा | ४ | ४ | १ | ११७ |
| ११ | जनजीवन आ.वि. पुजा | ३ | ३ | २ | १८२ |
| १२ | जनसहयोगी आ.वि. | ६ | ६ | ३ | २२७ |
| १३ | ने.रा.आ.वि. कुक्तिचौर | ४ | ४ | ३ | २०२ |
| १४ | बालसुधार आ.वि. नारिकोट | ४ | ४ | १ | ३०५ |
| १५ | बालसुधार प्रा वि, अर्खा | ३ | ३ | १ | १३८ |
| १६ | गौमुखी प्रा वि, अर्खा | ३ | ३ | २ | २०५ |
| १७ | महेन्द्र प्रा वि अर्खा | ४ | ४ | २ | ३८८ |
| १८ | बेसीवन बालज्यवति प्रा वि अर्खा | १ | १ | ० | ११८ |
| १९ | बाइसमुल प्रा वि, अर्खा | ० | ० | ० | ४६ |
| २० | सरस्वती प्रा वि, अर्खा | ३ | ३ | ० | ५८ |
| २१ | बसन्त प्रा वि, अर्खा | ० | ० | ० | २७ |
| २२ | रातामाटा प्रा वि, अर्खा | ० | ० | ० | ७५ |
| २३ | सयपत्री प्रा वि, अर्खा | ० | ० | ० | ८३ |
| २४ | देउरादी सुन्दर प्रा वि, रजबरा | ३ | ३ | १ | १६२ |
| २५ | जीवनसुधार प्रा वि, रजबरा | ३ | ३ | १ | १८२ |
| २६ | दिपेद्र प्रा वि रजबरा | ३ | ३ | ० | १३७ |
| २७ | लालीगुराँस प्रा वि, रजबरा | १ | १ | १ | १७६ |
| २८ | जनकल्याण प्रा वि, रजबरा | ० | ० | ० | ५३ |
| २९ | तिखाचुली प्रा वि, रजबरा | ० | ० | ० | ७२ |
| ३० | शिशुकल्याण प्रा वि, गौंडापानीचौर | १ | १ | १ | ११४ |
| ३१ | शिशुकल्याण प्रा वि, गौंडिचौर | ३ | ३ | २ | ८२ |
| ३२ | बालज्योति प्रा वि, पुजा | २ | २ | १ | ९४ |
| ३३ | जनपृय प्रा वि, पुजा | ३ | ३ | ० | ८० |
| ३४ | ने.रा.प्रा.वि, पुजा जाडागाउँ | ३ | ३ | १ | ६५ |
| ३५ | जनता प्रा वि, खुङ्ग | ३ | ३ | २ | ६७ |
| ३६ | पूर्णा प्रा वि, खुङ्ग | २ | २ | १ | ११९ |
| ३७ | शिशु प्रा वि, खुङ्ग | २ | २ | २ | १५० |
| ३८ | गृह प्रा वि, खुङ्ग | ० | ० | ० | २६ |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौटको विवरण |
|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | भानु प्रा वि, खुङ्ग | ३ | ३ | ० | १०४ |
| ४० | बालकल्याण प्रा वि, लिवाङ्ग | २ | २ | १ | ४७ |
| ४१ | जनचेतना प्रा वि, लिगाङ्ग | १ | १ | १ | ८० |
| ४२ | लालीगुराँस प्रा वि, लिवाङ्ग | ० | ० | ० | ३९ |
| ४३ | भुमेकाथान प्रा वि, नारिकोट | ४ | ४ | १ | २०० |
| ४४ | लोकतान्त्रिक प्रा वि, नारीकोट | २ | २ | १ | ९५ |
| ४५ | दोसाँध प्रा वि, नारीकोट | ४ | ४ | १ | १२० |
| जम्मा | | १५६ | १५६ | ६४ | ८८७८ |

कार्यालयले उपलब्ध गराएको शिक्षक दरबन्दी र पदपूर्ति विवरण अनुसार ७ वटा विद्यालयहरुमा दरबन्दी नरहेको तर विद्यार्थी संख्या ४२१ रहेकोले स्थायी शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यार्थीको पठन पाठन गर्नुपर्दछ ।

५८. **बढी निकासाः** आर्थिक कार्यविधि तथा नियमावली, २०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले कुनै रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले विद्यालयहरुलाई सामाजिक पाठ्य पुस्तक तर्फ रु.४७८८८६४.०० निकासा दिएकोमा निम्नानुसारको रकम बढी निकासा भएको देखिएकोले बढी निकासा भएको रकम असूल गरी सम्बन्धित राजस्व दातामा दाखिला हुनुपर्ने रु.

बेरुजु रकम: २००९

| क.सं. | विद्यालयको नाम | निकासा रकम | खर्च रकम | बढी निकासा |
|---|---|---|---|---|
| १ | जीवनसुधार प्रा विरजबरा , | ६६६७५ | ६५४४४ | १२३१ |
| २ | दोसाँध प्रा विनारीकोट , | ३३५०५ | ३२७२७ | ७७८ |
| जम्मा | | १००१८० | ९८१७१ | २००९ |

५९. **स्यानिटरी प्याड खरिदः** गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक विद्यायलहरुमा अध्ययनरत किशोरी छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड उपलब्ध गराउनको लागि रु.३६ का दरले रु.८२८०४१.०० को २३००० थान ज्येष्ठ महिनामा खरिद गरेको छ । खरिद गरिएका प्याडहरु एकै पटक विद्यालयहरुलाई हस्तान्तरण गरेको र बाँकी १९५ थान मौज्दातमा रहेको पाइयो । गाउँपालिकाले वर्षभरी विद्यार्थीलाई निशुल्क उपलब्ध गराउन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्ततिर खरिद गरेकोले वर्षभरी निशुल्क वितरण गर्ने लक्षित उद्देश्य पुरा हुने नदेखिएको साथै आवश्यकता भन्दा बढी खरिद गर्दा कार्यालयलाई बढी व्ययभार पर्ने दिएकोले समयमै आवश्यकताको आधारमा मात्रै खरिद गरी खर्च मितव्ययिता अपनाउनु पर्दछ ।

६०. **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.२५५९६४५.०० को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखे

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्योँटको विवरण |
|---|---|---|---|
| | नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | | |
| ६१. | **न्यानो झोला खरिद** - गाउँपालिकाले सुत्केरी आमाहरुलाई न्यायो झोला वितरण गर्न यस वर्ष ६७२ थान रु.७९५ का दरले रु.५९८०९७.०० को खरिद गरेको छ । कार्यालयको विवरण अनुसार आर्थिक वर्षमा न्यानो झोला ३८९ थान वितरण गरी २७४ थान मौज्दात बाँकी रहेको देखिन्छ। न्यानो झोला लामो समयम सम्म भण्डारण गर्दा प्रयोग गर्न नमिल्ने हुनको साथै आवश्यकता भन्दा बढी खरिद गर्दा कार्यालयलाई अनावश्यक व्ययभार पर्न जाने हुनाले आवश्यकताको आधारमा मात्र खरिद गरी खर्च मितव्ययीता गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | | |
| ६२. | **तलबी प्रतिवेदनः** निजामति सेवा ऐन, २०४९ को दफा २७(ख) मा स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको तवली प्रतिवेदन सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्ग कार्यरत स्वास्थ्य सेवातर्फको कर्मचारीहरुको २०७७।७८ तलबी प्रतिवेदन पारित नगरी रु.९३,५७,१४६.०० खर्च लेखेको छ । जसले गर्दा शिक्षकहरुको तलब एवं ग्रेड भिडान गरी खर्च एकीन गर्न सकिएन । | | |
| | **लघु उद्यम विकस कार्यक्रम** | | |
| ६३. | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार लक्षित वर्गलाई लघु उद्यम सम्बन्धी कार्यक्रम संचालन गर्न बजेट रु.२९०००००.०० रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः<br>• नयाँ लघु उद्यमीको सृजना कार्यक्रममा रु.२२८००००.०० विनियोजन रहेकोमा कार्यक्रम संचालन गरी रु.१८७४९९७.०० खर्च भएको छ भने लघु उद्यमको स्तरोन्नति कार्यक्रममा रु.६२००००.०० विनियोजन भएकोमा कार्यक्रम संचालन भएको छैन ।<br>जसले गर्दा गरिबी निवारणको लक्ष्य हाँसिल हुन गाह्यो देखिन्छ । अतः निर्देशिकामा भएको व्यवस्था अनुसार कार्यक्रम गरी गरिबी निवारण कार्यमा सघाउ पुर्याउनु पर्दछ । | | |
| ६४. | **परिचयपत्र वेगर भुक्तानीः** आर्थिक कार्यविधि तथा नियमावली, २०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले कुनै रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । उद्यम विकास सहजकर्ता गोमा पुन मगर र सञ्जिता पाण्डेले | | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| | प्रतिस्प्रर्धामा छनौट भएका साना व्यवसायी उद्यमीको स्तरोन्नती कार्यक्रम अन्तर्गत ढाका सल बुनाई, होजियारी तथा सिलाई कटाई तालिममा सहभागीहरुलाई प्रविधि हस्तान्तरण वापत देहायका सामाग्रीहरु खरिद गरी सहभागीलाई वितरण गरेको पाइयो ।सामाग्री वितरण गर्दा निजहरुलाई वितरण गर्ने निर्णय तथा परिचय खुल्ने कागजात पेश नभएकोले प्रमाण पेश हुनु पर्ने रु. | १३९३०९ | |

| भौचर नंमिति/. | कार्यक्रम संचालन गर्ने कर्मचारी | कार्यक्रमको नाम | वितरण गरिएको सामानको नाम र संख्या | सामानको मुल्य |
|---|---|---|---|---|
| १११ ३०/३/०७८/ | गोमा पुन मगर | ढाका सल बुनाई | बेरिङ्ग मेसिन र तान मेसिन ११ वटा/ | ७३४५० |
| | | सालाई बुनाई | सिलाई मेसिन ५ | ६०९९१ |
| १६० २८/३/०७८/ | सञ्जिता पाण्डे | ढाका सबुनाई | तान मेसिन १ | ४५२०० |
| जम्मा | | | | १३९३०९ |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गौमुखी गाउँपालिका भित्रका ७ वडाहरुमा पदमार्ग निर्माण, सडक मर्मत तथा नाली निर्माण, मोटरबाटो स्तरोउन्नती, पार्क निर्माण, गोरेटो बाटो निर्माण कार्य लगायतका ४३ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष २८७ जनालाई रोजगारी उपलव्ध गराई रु.१४७०४५७५.०० खर्च गरेको छ । लक्षित वर्गलाई दैनिक रु. ५१७ का दरले ९० दिन देखि १०० दिन रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | | |
| ६६. | **सम्परीक्षणः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८४ ले बेरुजु फस्यौंट कार्यालयबाट हुने ब्यवस्था गरेको छ ।गाउँपालिकाले यो बर्ष आ.व २०७६/७७ को देहाय अनुसार को रु  बेरुजु फस्यौंट गरी सम्परीक्षणको लागि पेश गरेकोमा सम्परीक्षण भएको छ । | | |

| आ.व. | दफा नं. | बेरुजुको व्यहोरा | रकम | सम्परीक्षणको व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| ०७६/ ७७ | १ | श्रेस्ता र बैंकको फरक परेको | ९६८९२३.०० | प्रमाण पेश भएको | ९६८९२३.०० |
| | ३६ | खर्च शिर्षक फरक परेको | १४२०६००.०० | प्रमाण पेश भएको | १४२०६००.०० |
| | ३७ | पदाधिकारी बढि भुक्तानी | २५२०००.०० | असुल भई आएको | २५२०००.० |
| | ६८ | जस्तापाता विरण गरेको कार्य सम्पन्न नभएको | ५२८४४०२८.४ | कार्य सम्पन्न भएको प्रमाण पेश | ५२८४४०२८.४ |
| जम्मा | | | | | ५५४८५५५१.४ |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|
| | **कोभिड १९ तर्फः** | | |
| ६७. | आ.व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | ४८१४०७.०० | राहत वितरण | ० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम | फस्यौंटको विवरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| स्थानीय तहको आफ्नै बजेटबाट | ३७१७००० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ४२३००० |
| संघीय कोभिड कोषबाट | १७८०००० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ७५३००० |
| प्रदेश कोभिड कोषबाट | ० | आइसोलेसन केन्द्र निर्माण | ३८००० |
| अन्य स्रोतबाट | ० | जनशक्ती परीचालन खर्च | २३०३००० |
| | | स्थानी संचित कोष फिर्ता | ५२०३०३ |
| | | जोखिम भत्ता | ० |
| | | प्रशासनिक खर्च | ० |
| | | अन्य खर्च | १२३६००० |
| २२३६९७.०० | | बाँकी | २२३६९७ |
| | | | ५४९७००० |
| जम्मा | ५४९७००० | | |

६८. **अनुगमन तथा मूल्याङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फस्यौंट गर्नुपर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छः

| गत वर्षको बेरुजु रकम रु (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C=A-B) |
|---|---|---|
| ९१७२०००० | ५५४८५५५१.४ | ३६२३४४४९.४० |

६९. **अद्यावधिक वेरुजू स्थितिः** गाँउपालीकाको आर्थिक वर्ष २०७७/७८ सम्मको फस्यौंट गर्न बाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छः

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु (C) | यो वर्षको सं पं बाट कायम वेरुजु (D) | यो वर्षको कायम वेरुजु (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ३६२३४४४९.४० | ०.०० | ३५४९३६६.८५ | ३९७८३८१६ |

| क.सं. | लेखापरीक्षण टोली | दस्तखत |
|---|---|---|
| १ | निर्देशक श्रीराम तिमिल्सिना | |
| २ | लेखापरीक्षण अधिकारी श्री चेत बहादुर पण्डित | |
| ३ | लेखापरीक्षण अधिकारी श्री दिल कुमार राई | |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

२०१६

visit nepal 2020 Lifetime Experiences

## लुम्विनी प्रदेश लेखापरीक्षण निर्देशनालय

प.स.२०७८।७९ च.नं.३

मिति: २०७८।९।०७

**विषय: प्रतिकियाको जवाफ पठाएको सम्वन्धमा ।**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गौमुखी गाउपालिकाको कार्यालय,
प्यूठान ।

महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन २०७८ मा समावेश भएको गौमुखी गांउपालिकाको कार्यालय,प्यूठानको आर्थिक वर्ष २०७७।७८ को निम्नानुसार बेरुजू फछ्र्यौट गरी त्यहाँको च.नं ,३६३ बाट मिति २०७८।७।१० को पत्रबाट सम्परीक्षणको लागि अनुरोध भएकोमा फछ्र्यौट मनासिव देखि निम्नानुसार फछ्र्यौट गरी जानकारी दिने मिति २०७८।९।७ मा निर्णय भएकोले अनुरोध गर्दछु ।

| क्र.सं. | बेरुजू दफा | संक्षिप्त विवरण | सम्परीक्षण भएको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २७.१ | वडा सदस्य पेज वहादुर सुनार र वडा सदस्य केहर सिंह तामाङ लाइ रकम बुझाएको भरपाइको सम्वन्धमा प्रमाण पेश । | ४८००.०० | |
| २ | ३६ | कृषक समूहलाइ थ्रेशर मेशीन हस्तान्तरण गरेको सम्वन्धमा प्रमाण पेश । | २६०,०००.०० | |
| ३ | ३७ | अनुदान बढी भुक्तानि भएको रकम असुल भइ सो को प्रमाण पेश । | २५०००.०० | |
| ४ | ४२ | मूल्य अभिवृद्धि कर विजक सम्वन्धमा प्रमाण पेश । | ३००१२.०० | |
| ५ | ४४ | सभाहल निर्माणमा निर्माण व्यवसायिलाइ भेरीयशन आदेश जारी गरेकोमा सो को पालिका वाट अनुमोदन भइ सो को प्रमाण पेश। | १५७२७८९.०० | |
| ६ | ४८ | प्राविधिक नाप जांच भन्दा बढी भुक्तानि भएको रकम असुल भइ सो को प्रमाण पेश । | १८८०.०० | |
| ७ | ५०.४ | सामाजिक सुरक्षा वापतको रकम दाखीला भएको प्रमाण पेश । | १८४२८३.०० | |
| ८ | ५०.५ | सामाजिक सुरक्षा भत्ता वितरणको प्रमाण पेश । | ४८०००.०० | |
| ९ | ५५ | मूल्य अभिवृद्धि कर र अग्रिम आयकर दाखिला भएको प्रमाण पेश । | ४५७४१.०० | |
| १० | ५८ | विधालयलाइ वढी निकासा भएको रकम असुल भइ सो को प्रमाण पेश । | २००९.०० | |
| ११ | ६४ | परिचय पत्र वेगर सहभागीहरुलाइ सामान वितरण गरेको प्रमाण पेश । | १३९३०९.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | २,३१३,८२३.०० | |

श्रीधर प्रसाद पन्त

निर्देशक

बोधार्थ :श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,काठमाण्डौ

बोधार्थ श्री प्रदेश लेखा इकाइ ,प्यूठान